# सिबिफिन बुलेटिन

वर्ष: ०४ । अंक: ०४ । माघ २०८२

- गैरबैंकिङ सम्पत्तिबारे सिबिफिनद्वारा दायर रिटमा सर्वोच्चको अन्तरिम आदेश, बैंकहरूलाई राहत
- ज्योति विकास बैंकका कर्मचारीमाथि भएको दूर्व्यवहारप्रति सिबिफिनको आपत्ति, दोषीलाई कडा कारबाही र सुरक्षा सुनिश्चित गर्न जोडदार माग
- मौद्रिक नीतिको पहिलो समीक्षामार्फत लिइएका उदार नीतिले विषम् अवस्थालाई सहजतातर्फ उन्मूख गराउने
- सिबिफिन र सेजनबीच छलफल, परस्पर सहयोग तथा सहकार्यलाई फराकिलो बनाइने
- सिबिफिन- नाफिज पत्रकारिता पुरस्कार प्रदान
- आईएमएफका एसिया-प्यासिफिक विभाग प्रमुख र सिबिफिनबीच छलफल
- सिबिफिन र नेपाल निर्माण व्यवसायी महासंघबीच छलफल, साझा हितका विषयमा सहकार्य गरिने





राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाश कुमार श्रेष्ठ र सिबिफिनबीच सिंहदरबारमा भेट








Published by

Confederation of Banks and Financial Institutions Nepal (CBFIN)

CTC Mall, 9th Floor, Sundhara, Kathmandu-11, Nepal

Phone No.: 01-5354552

Email: cbfinepal@gmail.com | www.cbfinepal.com

# Key Financial Status







| | 2082 Poush | 2081 Poush |
|---|---|---|
| M Import | 766.19 bn | 661.49 bn |
| M Export | 116.51 bn | 73.66 bn |
| CPI Index | 1.63% | 6.05% |
| Remittance | 870.31 bn | 640.43 bn |
| BoP Surplus | 421.89 bn | 225.34 bn |
| FE Reserve | 3201.47 bn | 2273.26 bn |
| FEA Indicator | Imports 21.7 months (52.4% to GDP) | Imports 17.6 months (39.8% to GDP) |





# सिबिफिनको छैठौं वार्षिक साधारणसभा सम्पन्न

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)को छैठौं वार्षिक साधारणसभा गभर्नर डा. विश्वनाथ पौडेलज्यूको प्रमुख आतिथ्यतामा गत कात्तिक २८ गते शुक्रबार सम्पन्न भयो । उक्त साधारणसभामा गभर्नर डा. पौडेलसँगै नेपाल सरकारका उच्च पदस्थ अधिकारी, लब्धप्रतिष्ठित औद्योगिक, व्यावसायिक संस्थाका नेतृत्वगण, वरिष्ठ अर्थविद्, बैंकिङविद्, विकास साझेदार संस्थाका प्रतिनिधि, बैंक तथा वित्तीय संस्थाका अध्यक्ष एवं संचालक र प्रतिष्ठित संचारकर्मीहरुको सघन सहभागिता रहेको थियो ।








CBFIN Secretariat
CTC Mall, Sundhara | 01-5354552 | cbfinepal@gmail.com | www.cbfinepal.com

# सिबिफिनको छैठौं वार्षिक साधारण सभामा अध्यक्ष उपेन्द्र पौडलबाट व्यक्त मन्तव्यको पूर्ण पाठ

सिबिफिनले गरेको आमन्त्रणलाई सहर्ष स्वीकार गरी यस सम्मानित छैठौं साधारण सभामा ओजपूर्ण सहभागिता जनाइदिनुभएकोमा प्रमुख अतिथिसहित सम्पूर्ण अतिथि वर्ग, बैंक तथा वित्तीय संस्थाका आदरणीय अध्यक्ष तथा संचालकहरु, वरिष्ठ पत्रकार मित्रहरु सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

वर्तमान विषम् एवं चुनौतिपूर्ण अवस्थाका बीच पनि हाम्रा प्रमुख अतिथि एवं नेपाल राष्ट्र बैंकका गभर्नरज्यूको विषेश उपस्थितिले हाम्रो यस सभाको गरिमा उँचो भएको महसुस गरेको छु। नेपालको बैंक तथा वित्तीय क्षेत्र र अर्थतन्त्रलाई सुदृढ पार्ने हाम्रो सामूहिक एवं साझा अभियानमा अभिभावकीय संस्था- नेपाल राष्ट्र बैंकको निरन्तर सहकार्य, प्रोत्साहन र मार्गदर्शन रहेको र रहने विषयलाई गभर्नरज्यूको यो उपस्थितिले स्पष्ट प्रतिबिम्वित गरेको छ।




## राष्ट्र बैंकको पहलमा सिबिफिनको सहयोगी भूमिका

सिबिफिन नेपाल राष्ट्र बैंकका हरेक पहलकदमीहरुको पछाडि सदैव दृढतापूर्वक उभिएको छ। राष्ट्रिय अर्थतन्त्रमा छाएको मन्दी, अधिक एवं न्यून तरलता अभावको दुष्चक्रबाट बाहिर निकाली तीव्र आर्थिक एवं बैंकिङ गतिविधिका साथ अर्थतन्त्रलाई लयमा फर्काउने र दिगो, फराकिलो एवं उच्च आर्थिक वृद्धिको यात्रा पहिल्याउनका लागि केन्द्रीय बैंकले लिइरहेको नीतिगत पहल र सुधार कार्यहरुलाई सिबिफिनले उच्च प्रसंशा गर्दै परिणाममूखी कार्यान्वयनका लागि निकट सहकार्य गर्दै आएको विषय जगजाहेर नै छ। दूरगामी महत्व बोकेका नीतिहरूले समष्टिगत आर्थिक वातावरणलाई स्थिर बनाउन, विश्वास बढाउन र बैंकिङ व्यवसायमा स्वस्थ प्रतिस्पर्धा कायम राख्न महत्वपूर्ण भूमिका खेलेका छन् र खेल्ने छन् भन्नेमा सिबिफिन पूर्ण विश्वस्त छ।

अहिले मुद्रास्फीति नियन्त्रणमा छ, विदेशी मुद्रा सञ्चिति १६ महिनाभन्दा बढीको वस्तु र सेवाहरूको आयात धान्न पर्याप्त छ। तथापि, रोजगारी अवसर सृजना हुन नसक्दा विदेशिने क्रम नरोकिएको, समुचित नीति तथा वातावरण बन्न नसक्दा वा नीतिमा स्थिरता कायम हुन नसक्दा नवप्रवर्तन र स्वउद्यमशीलताको विकास एवं विस्तार हुन नसकेको, आन्तरिक उत्पादन, उपभोग र निर्यात घट्दै गएको र परिणामतः आर्थिक एवं बैंकिङ गतिविधिहरू समेत क्रमशः सुस्ताउँदै जाँदा राजस्व घटने र समग्र अर्थतन्त्रमा नै प्रतिकूल असर परेको विषयमा हामी सबै जिम्मेवार निकाय र पक्षहरुले गम्भीर रुपमा चिन्तनमनन गर्न अत्यावश्यक छ। सहभागितामूलक छलफल, आवश्यकता र औचित्यका आधारमा लिइने समयानुकूल नीति र नीतिको प्रभावकारी कार्यान्वयनमा संयुक्त सहकार्यले मात्र हाम्रो हित र समृद्धिको यात्रालाई अर्थपूर्ण बनाउँछ भन्ने सिबिफिनको स्पष्ट धारणा रहेको छ।

## बैंकिङ क्षेत्रका वर्तमान चुनौतीहरू

अहिले बैंकिङ क्षेत्र इतिहासकै चुनौतिपूर्ण अवस्थाबाट गुज्रिरहेको छ। अर्थतन्त्रको बाह्य अवस्था सन्तोषजनक रहेको भए पनि आन्तरिक अर्थतन्त्र कमजोर नै देखिएको छ। आम लगानीकर्ता, उद्यमी/व्यवसायीहरुमा निराशा छाएको कारण न्यूनतम ब्याजदरमा पर्याप्त तरलता उपलब्ध हुँदासमेत कर्जा विस्तार हुन नसक्दा आर्थिक एवं बैंकिङ गतिविधिहरु सुस्ताएको अवस्था छ। बैंक तथा वित्तीय संस्थाहरुको मुनाफामा अनपेक्षित रुपमा गिरावट आइरहँदा बैंकिङ क्षेत्रका लगानीकर्ताहरु सुरक्षित लगानीका क्षेत्र खोज्दै क्रमशः बाहिरिने कोसिस भइरहेको अनुभूत भइहेको छ। लागत खर्चमा भएको वृद्धि, मुनाफामा आएको संकुचन, निष्कृय कर्जामा वृद्धि, गैरबैंकिङ सम्पत्तिमा वृद्धि साथै गैरबैंकिङ सम्पत्तिको बेचबिखनमा सुस्तता, दक्ष जनशक्तिको पलायनलगायतका कारणले समस्या थपिँदै गएको छ। धेरै बैंकहरू अहिले गैरबैंकिङ सम्पत्तिको बोझले थिचिएका छन्। न बिक्री हुने उचित नीति छ, न वातावरण, न गैरबैंकिङ सम्पत्तिको उपयोग गर्न पाउने अवस्था। मुख्यतया तरलताको कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाहरु अहिले सम्पत्ति व्यवस्थापनमा बढी केन्द्रित हुनेपरेको अत्यन्तै बिडम्वनापूर्ण अवस्थाबाट गुज्रिनुपरेको छ।

नेपाल राष्ट्र बैंकको सुझबुझपूर्ण सहयोगमा हामीले पहिले र अहिले पनि विभिन्न चुनौतीहरुलाई डटेर सामना गरेका र गर्दै आएका छौं। चाहे त्यो लामो आन्तरिक द्वन्द्व होस् या भूकम्प होस्, नाकाबन्दी वा कोभिड होस्, वा हालैका विश्वव्यापी व्यापार श्रृंखलामा भइरहेको अवरोध नै किन नहोस्। बारम्बारको नीतिगत परिवर्तन र राजनीतिक अस्थिरता वा परिवर्तनहरूको बाबजुद पनि बैंकिङ क्षेत्रले तुलनात्मक रूपमा सन्तोषजनक प्रदर्शन गर्दै आफूलाई समयसापेक्ष बनाउँदै आएको भए पनि विद्यमान परिस्थितिलाई मध्यनजर गर्दैगर्दा बैंकिङ क्षेत्रले पनि गम्भीर आत्मसमीक्षासहित सुधारको मार्ग अवलम्बन गर्नुपर्ने देखिएको छ।

एनबिएललाई प्रभावकारी ढंगले व्यवस्थापन गर्न अधिकारप्राप्त संयन्त्र वा नयाँ ढाँचा तयार गर्न अत्यन्तै आवश्यक देखिएको छ । व्यावहारिक र नवप्रवर्तनशील दृष्टिकोण जस्तै: नीतिगत समायोजन, सम्पत्ति पुनर्निर्माण मोडेल, वा विशेष प्रयोजनका निकायको स्थापनाले ऋण प्रवाहलाई पुनर्जीवित गर्न र वित्तीय स्थिरता पुनःस्थापित गर्न महत्वपूर्ण सहयोग पुग्ने सिबिफिनले विश्वास लिएको छ। एसेट म्यानेजमेन्ट कम्पनीको स्थापनाका लागि सिबिफिन तथा बैंक तथा वित्तीय संस्थाहरु नेपाल राष्ट्र बैंक र नेपाल सरकारसँग आवश्यक सहकार्य गर्न कटिबद्ध छन् ।

त्यसका अतिरिक्त हाल कायम रहेको कर्जा नोक्सानी वर्गीकरण प्रणालीलाई पनि पुनरावलोकन गर्नुपर्ने आवश्यकता छ। अहिले कर्जाहरु एक वर्षमा नै खराब श्रेणीमा वर्गीकृत हुन्छन्, तर विद्यमान व्यापार चक्रमा वास्तविक ऋणीहरूले यति छोटो अवधिमा आफ्नो कारोबार पुनर्जीवित गर्न सक्दैनन् । मित्रराष्ट्र भारत तथा अन्य अन्तर्राष्ट्रिय जगतमा अपनाइएका अभ्यासहरूलाई सन्दर्भ लिएर हामी यस नीतिलाई पुनर्विचार गर्न अनुरोध गर्दछौं । सक्षम ऋणीहरूलाई निश्चित समयसीमाभित्र पुनरुत्थानको अवसर प्रदान गर्दै, willful defaulter हरूमाथि कडा कारबाही गर्ने व्यवस्था गरिनु आवश्यक छ।

त्यसैगरी, ऋण तथा गैर-बैंकयोग्य सम्पत्तिहरू (NBA) का लागि ५ प्रतिशतभन्दा बढी नोक्सानी ब्यवस्थामा कर छुट उपलब्ध नहुने नीतिमा परिवर्तन गर्न अत्यावश्यक छ । किनकि, हालको परिस्थितिमा मुख्यत: समष्टिगत आर्थिक अवस्थाका कारणले बैंक तथा वित्तीय संस्थाहरुले कर्जा नोक्सानीको ब्यबस्था गर्नुपरेको प्रष्ट छ । बैंकहरूको निरन्तर बढ्दो सञ्चालन लागत उन्नत डिजिटाइजेसन, फिनटेकको उपयोग तथा एआईको प्रयोगमार्फत घटाउन सकिन्छ । डिजिटाइजेसनले द्रुत रूपमा परिवर्तन गरिराखेको व्यावसायिक वातावरणलाई ध्यानमा राख्दै बैंकको भौतिक उपस्थितिको आवश्यकतालाई पुनरावलोकन गर्नुपर्ने आजको टड्कारो आवश्यकता छ ।

## पूँजी पर्याप्तता र लगानी सम्बन्धी नीति

पूँजी पर्याप्ततासम्बन्धी नीति पनि बदलिँदो आर्थिक वास्तविकतासँगै विकसित हुन आवश्यक छ । नाफा र सम्पत्ति गुणस्तरमा अनिश्चितता बढिरहेको वर्तमान अवस्थालाई हेर्दा बैंकहरूलाई पुनःपूँजीकरणका विकल्पहरूको खाँचो छ । यसैले, नीति निर्माताहरूलाई राइट इस्यु तथा मिश्रित वित्तीय उपकरण (hybrid instruments) लगायतका वैकल्पिक पूँजी उपकरणहरूको लागि बाटो खोल्न आग्रह गर्दछौं । यसले बैंकिङ क्षेत्रको पूँजी आधारलाई सुदृढ बनाउन मद्दत गर्नेछ।

अन्तर्राष्ट्रिय लगानीकर्ता र गैरआवासीय नेपालीहरूलाई नेपालका बैंक तथा वित्तीय संस्थाहरूको इक्विटीमा लगानी गर्न पाउने नीतिसहित प्रोत्साहित गर्न आवश्यक छ । यसले बैंकिङ क्षेत्रमा दीर्घकालीन र दिगो लगानीको बाटो खोल्नुका साथै वैदेशिक लगानी भित्र्याउनमा ठूलो टेवा पुग्नेछ।

## सेवामा आधारित शुल्कको प्रवर्द्धन आवश्यक

परम्परागत रूपमा बैंकहरूको आम्दानीको प्रमुख स्रोत खुद ब्याज आम्दानी रहेको छ। तर, आजको परिवर्तनशील वित्तीय परिवेशमा बैंकहरूले आफ्ना आम्दानीका मोडेलहरू विविधीकरण गर्नुपर्ने आवश्यकता छ । सेवाशुल्कमा आधारित आम्दानीलाई प्रवर्द्धन गरिनुपर्छ । यसले बैंकहरूले प्रदान गर्ने सेवाको आधारमा शुल्क लिन पाउने नीतिले सेवालाई अझ परिस्कृत बनाउन र गुणस्तर बढाउन मद्दत पुग्ने सिबिफिनको विश्वास छ । तसर्थ, नवप्रवर्तन र दक्षता प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासका आधारमा विद्यमान सेवा शुल्कसम्बन्धी व्यवस्थामा आवश्यक पुनरावलोकन गर्न हामी नेपाल राष्ट्र बैंकसमक्ष विनम्र अनुरोध गर्दछौं।

त्यसैगरी, निर्देशनात्मक कर्जा नीतिहरूमा पनि पुनरावलोकनको आवश्यकता रहेको छ। विशेष गरी तोकिएका क्षेत्रहरूमा हालसम्म प्रदान गरिएका कर्जाको अवस्था, उपयोगिता र प्राप्त परिणामलाई दृष्टिगत गर्दै यस नीतिमा समेत व्यापक सुधार गरिनुपर्दछ । लचिलो र जोखिम-समायोजित नीतिले समावेशीकरणका लक्ष्यहरू पूरा गर्दै बैंकिङ प्रणालीको दिगोपन सुनिश्चित गर्न मद्दत गर्नेछ । यस सम्बन्धमा ठोस पहल लिन नेपाल राष्ट्र बैंकसमक्ष जोडदार अनुरोध गर्दछौं।

## सुशासन र जिम्मेवार बैंकिङप्रति प्रतिबद्धता

नेपालका बैंक तथा वित्तीय संस्थाहरू ग्राहक/उपभोक्ता संरक्षण, निष्पक्ष एवं तटस्थ अभ्यास र विवेकपूर्ण बैंकिङप्रति गहिरो रूपमा प्रतिबद्ध छन्। त्यसैगरी, हामी उच्च स्तरको संस्थागत सुशासन, वित्तीय पारदर्शिता र उत्तरदायी ऋण प्रवाहप्रति समान रूपमा समर्पित छौं, जसको उद्देश्य वास्तविक अर्थतन्त्रको प्रवर्द्धन गर्नु हो । हाम्रो ध्यान निरन्तर रूपमा वित्तीय समावेशीतर्फ केन्द्रित छ। विशेष गरी स्थानीय स्तरका घरेलु, साना तथा मझौला उद्यमहरूलाई रोजगारी सृजना र विकास संवाहकका रुपमा सशक्त बनाउन हामी केन्द्रित छौं । स्थानीय तहमा रहेका लघुउद्यमहरूलाई सशक्त बनाउनका लागि वित्तीय समावेशीकरणसहित नवप्रवर्तन तथा स्व:उद्यमशीलताको विकास, रोजगारीको सृजना, उत्पादकत्व अभिवृद्धि आदि कार्यमा हामी दृढताका साथ अगाडि बढेका छौं । हाम्रो बैंकिङ व्यवसायको ध्यान वास्तविक अर्थतन्त्रको निर्माणमा हुनुपर्ने विषयमा हामी स्पष्ट छौं । मुलुकले अब खाद्य सम्प्रभूतामा अत्यधिक केन्द्रिकृत भइ कृषि क्षेत्रको विकास र व्यावसायीकरणमा बैंकिङ क्षेत्रको लगानी विस्तार गर्नु अति आवश्यक छ।

हामी दिगो बैंकिङप्रति आफ्नो विश्वास पुन: पुष्टि गर्दछौं, यस्तो प्रणाली जसले वातावरणीय अखण्डता, सामाजिक समानता, सुशासन, सामाजिक कल्याणका नैतिक मान्यतामा सम्झौता नगरी दीर्घकालीन आर्थिक मूल्य सिर्जना गर्छ । हाम्रो मार्गदर्शक सिद्धान्त स्पष्ट छ: *"नकारात्मक प्रभाव होइन, नकारात्मक छाप होइन।"*




## नवप्रवर्तन, फिनटेक, र भविष्यको तयारी

विश्व एआई-केन्द्रित बैंकिङ युगतर्फ रूपान्तरण भइरहेको वर्तमान अवस्थामा प्रतिस्पर्धात्मक क्षमताको मुख्य साँचो नवप्रवर्तन हो । एआई, डेटा विश्लेषण र फिनटेक समाधानहरूले बैंकिङ क्षेत्रलाई रूपान्तरण गर्ने गेम-चेन्जरका रूपमा काम गरिरहेका छन्, जसका लागि पूर्वाधार र मानव पूँजीमा ठूलो लगानी आवश्यक पर्छ।

बैंक तथा वित्तीय संस्थाहरूलाई यस्ता प्रविधिमा आत्मविश्वासका साथ लगानी गर्न प्रोत्साहित गर्ने नीतिगत प्रोत्साहन र सहज वातावरण सिर्जना गर्ने ढाँचा अपनाउन हामी नेपाल राष्ट्र बैंकसमक्ष हार्दिक आग्रह गर्दछौं । यसले नेपालको बैंकिङ प्रणालीलाई अन्तर्राष्ट्रिय सान्दर्भिकता र प्रतिस्पर्धात्मकतामा टिकाइ राख्न मद्दत गर्नेछ।

## बैंकिङ र व्यावसायिक क्षेत्रबीच सम्बन्ध र सहकार्य

इतिहासले भन्छ, उद्योग-व्यवसायको विकासबिना बैकिङ क्षेत्रको पनि विकास एवं फैलावट सम्भव छैन। न त बैंकिङ क्षेत्रको विकासबिना उद्योग-व्यवसायको विकास र फैलावट सम्भव देखिन्छ। उद्योग-व्यापार तथा बैंकिङ क्षेत्रको विकास एवं विस्तार समानान्तर रेखामा अगाडि बढेका हुन्छन्। यसबाट प्रष्ट हुन्छ कि उद्योगी-व्यवसायी र बैंकबीचको सम्बन्ध अन्योन्याश्रित, पुरानो एवं प्रगाढ रहँदै आएको छ र रहनु आवश्यक छ।

रोजगारी सिर्जना गर्ने, उद्योग प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रोत्साहन दिई नेपालको अर्थतन्त्रलाई अघि बढाउन निजी क्षेत्रको उल्लेखनीय भूमिकाको प्रशंसा गर्न चाहन्छु। विश्वभर नै वित्तीय प्रणाली उद्यमशीलताको मुख्य प्रवाह रहँदै आएको छ। कुनै पनि उद्योग, कारखाना, स्टार्टअप वा व्यवसाय वित्तीय पहुँचबिना फस्टाउन सक्दैन। हाम्रा बैंक तथा वित्तीय संस्थाहरूले निरन्तर रूपमा राष्ट्रको कुल गार्हस्थ उत्पादन को ९० प्रतिशतभन्दा बढी हिस्सालाई वित्तपोषण गर्दै आएका छन्। यो तथ्यांक आफैंमा अद्वितीय छ, जसले देखाउँछ कि हाम्रो अर्थतन्त्रको मेरुदण्ड कति गहिरो रूपमा बैंकिङ प्रणालीसँग जोडिएको छ।

तर, कहिलेकाहीं निजी क्षेत्रको योगदानको चर्चा हुँदा बैंक र वित्तीय संस्थाहरूको भूमिकालाई अनदेखा गरिएको महसुस भइरहेको छ। उद्यम सञ्चालन गर्ने पूँजी, रोजगारी कायम राख्ने स्रोत र कर राजस्व सृजना गर्ने आधार सबै वित्तीय क्षेत्रबाट उत्पन्न हुन्छन्। वित्तीय क्षेत्रको यस्तो अहम् भूमिकालाई अनदेखा गर्नु भनेको हाम्रो अर्थतन्त्रको मूल आधारलाई नै नजरअन्दाज गर्नु हो।

म निजी क्षेत्रका प्रतिष्ठित संस्थाहरूलाई यस साझेदारीलाई आत्मसाथ गरी उचित मूल्याङ्कन गर्न आह्वान गर्दछु। आउनुहोस्, हामी मिलेर व्यवसाय, उद्यमशीलता र वित्त क्षेत्रलाई सुदृढ बनाउने नीतिहरूका लागि हातेमालो गरौं। किनभने जब बैंकहरू दर्बिलो बन्छन्, व्यवसायहरूको विकास र फैलावट अवश्यंभावी हुन्छ, र जब व्यावसायिक गतिविधि विस्तारित हुँदै जान्छन्, बैंकिङ सेवा अझ स्तरीय र सुलभ बन्दै जानेछन्। बैंकिङ र व्यावसायिक क्षेत्रबीचको पारस्पारिक सम्बन्ध र सहकार्यले नै समृद्ध नेपालको आधार तयार हुनेछ। हाल बैंकहरुले व्यवसायको आवश्यकताको ७०-८० प्रतिशत लगानी गर्दछन्। फेरि व्यवसायको Product Consumer सम्म सर्वसुलभ बनाउन बैंक तथा वित्तीय संस्थाहरुको Retail/ Consumer Product को अर्को श्रृंखलाले सम्भव बनाएको छ। यस्तो अवस्थामा समेत बैंक तथा वित्तीय संस्थाहरुको योगदानको यथोचित कदर हुन नसक्नु चिन्ताको विषय बनेको छ।

## सिबिफिनले गरेका अध्ययन र सम्बोधनको आवश्यकता

सिबिफिनले राष्ट्रिय आवश्यकता र आर्थिक एवं बैंकिङ क्षेत्रमा देखा परेका जल्दाबल्दा समस्याहरुको समुचित निकासका लागि सम्बन्धित निकायहरु, प्राज्ञिक/शैक्षिक संस्था, अध्ययन केन्द्र तथा बैंक तथा वित्तीय क्षेत्रका लब्धप्रतिष्ठित विषयविज्ञहरुसँगको सहकार्यमा वृहत् अध्ययन-अनुसन्धान गरी सुझावसहितका बहुपयोगी प्रतिवेदनहरु नेपाल सरकार, मातहतका निकाय, नेपाल राष्ट्र बैंक र सरोकारवाला पक्षहरुमा पेश गर्दै आएको छ। आर्थिक एवं बैंकिङ क्षेत्रको सवलीकरण र स्तरोन्नतिमा केन्द्रित उक्त अध्ययन प्रतिवेदनमा समाविष्ट सुझावहरुको समुचित सम्बोधन हुन सकेमा समग्रतामा मुलुकको अर्थतन्त्रलाई दर्बिलो बनाउन महत्वपूर्ण टेवा पुग्नेमा सिबिफिन विश्वस्त रहेको छ।

| SN | Research Paper | Researcher | Date | Remarks |
|---|---|---|---|---|
| 1. | Difficulties and Challenges of Nepalese BFIs and Suggestions to be Addressed | **Mr. BN Gharti**, Banking Expert | 2078 BS | Published |
| 2. | Causes of Liquidity Crunch and Recommendation for Solutions | **Mr. BN Gharti**, Banking Expert | 2078 BS | Published |
| 3. | Remittances, Banking Credit to Private Sector, and Nepal's Trade Deficits: *Potential Pathways to Boost Exports Aftermath of COVID-19 Pandemic* | **Dr. Ramesh Chandra Poudel**, Sr. Economist and Prof- CEDECON, TU | 2079 BS | Published |
| 4. | Contributions made by Nepalese BFIs, Shortcomings in Self-governance, and Resolutions for Healthy and Sustainable Banking | **Mr. BN Gharti**, Banking Expert | 2079 BS | *For internal purpose* |
| 5. | Study on Potential items for import substitution and export promotion | **Mr. Krishna Raj Bajagain**, Expert/ Statistician | 2079 BS | Published |
| 6. | Analysis of Promoter Shareholding Pattern in Various Countries | **Mr. Prabin Subedi**, Legal Expert | 2080 BS | *For Internal purpose* |
| 7. | An Analysis of Nepalese Banking and Financial Institutions: *National and International Perspectives* | **Dr. Ramesh Chandra Poudel**, Sr. Economist and Prof- CEDECON, TU | 2081 BS | Published |
| 8. | Enhancing Efficiency in the Nepalese Banking Sector through Cost Efficiency and Revenue Optimization | **SNP Consulting Services Inc Pvt Ltd** (Lead by CA Santosh Lamichhane and Mukunda Subedi | 2081/82 | Published |
| 9. | Directed Lending and Its Impact on Economic Growth in Nepal | **Finance, Economics and Account Department KUSOM, KU (Assoc. Prof. Dr. Sabin Bikram Pant, Asst. Prof. Dr. Rajesh Sharma)** | 2082/83 | Ongoing |

## अनुपालन र विश्वव्यापी स्थिति

नेपाल एफएटिएफको ग्रे लिस्टमा पर्नु हामी सबैका लागि चिन्ताको विषय बनेको छ। सिबिफिन र आवद्ध सदस्य बैंक तथा वित्तीय संस्थाहरू निकट सहकार्यमा मुलुकलाई ग्रे लिष्टबाट बाहिर निकाल्न नेपाल राष्ट्र बैंक तथा सम्बन्धित निकायहरूले चाल्ने हरेक पहलकदमीहरुमा साथ, सहयोग र निकट सहकार्य गर्न हरदम तत्पर छन्। जसकारण अन्तर्राष्ट्रिय मनी लउन्डरिङ रोकथाम र आतङ्कवादी वित्त पोषणविरुद्धका (AML/CFT) मापदण्डहरूको पूर्ण रूपमा अनुपालन गर्न नेपाल सक्षम होस् र यथासम्भव चाँडो ग्रे लिस्टबाट बाहिर निस्कन सकोस्। यस सम्बन्धमा सिबिफिन सधैं नेपाल सरकार र नेपाल राष्ट्र बैंक सँगसँगै हुनेछ।

## समापन टिप्पणीहरू

अर्थतन्त्रमा समस्या एवं चुनौतिहरु देखिएको भए पनि समाधान नै गर्न नसक्ने गरी बिग्रिसकेको छैन। तथापि, सो को स्पष्ट पहिचानसहित दीर्घकालीन समाधान गर्नका लागि नेपाल सरकार र हाम्रो अभिभावक- नेपाल राष्ट्र बैंक सक्षम छन्। हामी हाम्रै बलबुतामा उत्पन्न समस्या एवं चुनौतिहरु न्यूनीकरण गर्ने सामर्थ्य राख्छौं र सक्छौं। तर, त्यसका लागि जिम्मेवार निकायहरु र सरोकारावाला हामी सम्पूर्ण पक्षहरुको बीचमा आपसी विश्वास तथा निरन्तर सहकार्य र परस्पर सहयोगको हातेमालो जरुरी छ। मौजुदा नीति तथा वातावरणलाई अझ सहज एवं अनुकूल बनाउँदै समग्र निजी क्षेत्रलाई साथमा लिएर मुलुकलाई लगानी हबको रुपमा स्थापित गर्न र दिगो एवं फराकिलो आर्थिक एवं बैंकिङ विकाससहित आर्थिक समृद्धिको नवीन यात्रा प्रारम्भ गर्ने कार्यमा एक्यबद्ध भएर अगाडि बढ्न ढिला गर्नु हुँदैन। हाम्रा सामु रहेका यावत चुनौतीहरूलाई चिर्दै राष्ट्र र जनताको सुनौलो भविष्य निर्माण गर्ने अभियानमा सिबिफिन र समग्र बैंक तथा वित्तीय संस्थाहरु सकारात्मक परिवर्तनको संवाहक बनी सोहीबमोजिमको भूमिका निर्वाह गर्ने अटल प्रतिबद्धता पुनः व्यक्त गर्दछौं।

Let us join the hands - For the people, for the planet, and for the shared prosperity.

# आयकर ऐन, २०५८ को दफा ५९(१क) र प्रदेश आर्थिक ऐनका व्यवस्था खारेजीका लागि सिबिफिनबाट दायर रिटमा कारण देखाऊ आदेश जारी




आयकर ऐन, २०५८ को दफा ५९(१क) मा रहेको ऋण रकम र गैरबैंकिङ सम्पत्तिवापत व्यवस्था गरिएको रकमसमेतको पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रुपमा कट्टि गरिने भन्ने वाक्यांश नेपालको संविधानको धारा १३३(१) प्रारम्भदेखि नै उत्प्रेषणको आदेशले बदर घोषित गरि पाउँ भनी सिबिफिनद्वारा प्रचलित कानुनबमोजिम सर्वोच्च अदालत, संवैधानिक इजलासमा दायर रिटमा गत मंसिर १७ गते बसेको इजलासले कारण देखाऊ आदेश जारी गरेको छ ।

उक्त व्यवस्थाले हालको मुलुकको परिवर्तित बजार तथा अर्थतन्त्रअनुसार बढ्दो निष्कृय कर्जा तथा कर्जा भुक्तानी क्षमतामा अनपेक्षित प्रभाव परेको, निष्कृय कर्जा तथा कर्जा जोखिम बढिरहेको विवादरहित तथ्यको कारण निष्कृय कर्जाको प्रतिशत बढिरहेको सूचांकहरुबाट पुष्टि भइरहेको र नेपाल राष्ट्र बैंकको कानुनसरह लागु हुने निर्देशनको व्यवस्थाअनुसार जोखिम व्यहोर्ने कोषमा राखिएको रकम वास्तविक रुपमा यस परिसंघका सदस्य बैंक/वित्तीय संस्थाको आय नै नभएको भए पनि आयमा पूर्ण रुपमा गणना गरी सो कोषमा रहेको रकममध्ये पाँच प्रतिशत मात्र रकमलाई खर्च कट्टी गर्ने उक्त कानुनी व्यवस्था प्रगतिशील आयकरको मान्यता तथा आयकरको समस्त व्यवस्था प्रतिकूल भई नेपालको संविधानसँग बाझिनुको साथै उक्त कानुनी व्यवस्थाले बैंक तथा वित्तीय संस्थाको सेयर लगानीकर्ताबाट गरिएको लगानीको व्यावसायिक लाभ प्राप्त गर्ने अधिकारमा समेत अनुचित बन्देज लगाएको विषयमा वरिष्ठ कानूनविदहरुसँग परामर्श गरी रिट दायर गरिएको थियो ।

उक्त आदेशमा "यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत खुलाई सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ बमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक ७ (सात) दिनभित्र प्रत्यर्थीहरुका नाउँमा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी प्रत्यर्थीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा लिखित जवाफ पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु ।" भनिएको छ ।

**"यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत खुलाई सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ बमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक ७ (सात) दिनभित्र प्रत्यर्थीहरुका नाउँमा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु..।"**

त्यसैगरी मधेश प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा लागू गरिएका प्रदेश आर्थिक ऐनहरुमा बन्धकी लिखतमा उल्लेख भएको ऋण रकमबमोजिम अधिकतम थैली अंक कायम गरी रजिष्ट्रेशन दस्तुर दाखिल खारिज दस्तुर, पूँजीगत लाभकर असूल उपर गर्ने व्यवस्थाहरु संघीय कानूनसँग बाझिएको हुँदा उक्त व्यवस्थाहरु खारेजीका लागि सर्वोच्च अदालतको संवैधानिक इजलासमा दायर गरिएको रिटमा गत पुस ९ गते बसेको संवैधानिक इजलासले प्रदेश सरकारहरुको नाममा अग्राधिकारसहितको कारण देखाऊ आदेश जारी गरेको छ ।

उक्त आदेशमा "यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत खुलाई सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ बमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक ७ (सात) दिनभित्र विपक्षी नं. १, २, ३, ४ र ५ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य प्रत्यर्थीहरुको हकमा सम्बन्धित प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी प्रत्यर्थीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा लिखित जवाफ पर्ने अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नु । साथै निवेदकले अन्तरिम आदेश माग गरेको विषयवस्तुसमेत रिट निवेदनको अन्तिम सुनुवाइ हुँदा विचार गर्नुपर्ने प्रकृतिको देखिँदा हाल निवेदन मागदावीबमोजिम अन्तरिम आदेश जारी गरिरहनु परेन । विवादको विषयवस्तु हेर्दा छिटो निरुपण गर्नुपर्ने प्रकृतिको देखिएको हुँदा सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९(२) बमोजिम अग्राधिकार दिइएको छ । नियमानसार गर्नु ।" भनिएको छ ।

उक्त मुद्दाहरुको आगामी इजलासहरुमा सम्बन्धित बहसकर्ताहरुमार्फत सशक्त तर्क र प्रमाणहरुका आधारमा बहसपैरवी गर्ने तयारी अगाडि बढाइएको छ ।

# मौद्रिक नीतिको पहिलो समीक्षामार्फत लिइएका उदार नीतिले विषम् अवस्थालाई सहजतातर्फ उन्मूख गराउने

राजनीतिक तथा आर्थिक घटनाक्रमले अर्थतन्त्र एवं बैंकिङ क्षेत्रमा थप नयाँ चुनौती र अवसर दुवै सिर्जना गरिरहेको विद्यमान अवस्थामा मौद्रिक नीति, २०८२ मा गरिएका केही महत्वपूर्ण व्यवस्थाहरुमा थप लचकता र सहजता अवलम्बन गर्दै सार्वजनिक भएको पहिलो त्रैमासिक समीक्षाको बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) हार्दिक स्वागत गर्दछ । जेनजी आन्दोलन र सोपश्चात् सिर्जित असामान्य परिस्थितिलाई सहजीकरण गर्दै आर्थिक एवं बैंकिङ क्रियाकलापलाई गति दिन र अर्थतन्त्रलाई लयमा फर्काउन नेपाल राष्ट्र बैंकले तत्कालीन समयमा नै केही महत्वपूर्ण नीतिगत लचकता र सहजता अपनाएकोमा आर्थिक एवं बैंकिङ क्षेत्रको विद्यमान वस्तुस्थिति र आवश्यतालाई केन्द्रित गर्दै समीक्षामार्फत थप सहज र सकारात्मक नीति अवलम्बन गर्नु अत्यन्तै सकारात्मक पक्ष रहेको सिबिफिनले ठानेको छ ।



यसै सन्दर्भमा तरलता सुविधा दर र नीतिगत दर घटाइनु, संस्थागत मुद्दति निक्षेपको ब्याजदर व्यक्तिगत मुद्दति निक्षेपको ब्याजदरभन्दा कम्तीमा १ प्रतिशत बिन्दुले कम गर्नुपर्ने विद्यमान व्यवस्था खारेज गरिनु, व्यक्तिगत अधिविकर्ष ९एभचकयलबा इखभचमचबात० कर्जाको विद्यमान सीमा रु.५० लाखबाट वृद्धि गरी रु.१ करोड कायम गरिनु, लघुवित्त वित्तीय संस्थाबाट धितोमा प्रवाह गरिने कर्जाको अधिकतम सीमा वृद्धि गरिनु, लघुवित्त वित्तीय संस्थाबाट ऋण प्राप्त गरेका ऋणीहरुको कर्जा भुक्तानीको तालिका परिमार्जन गर्न सकिने व्यवस्था गरिनु, प्राकृतिक विपत्तिका कारण असर पुगेकाको हकमा न्यूनतम १० प्रतिशत ब्याज असुल गरी एकपटकको लागि पुनरसंरचना/ पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइनु, बैंक तथा वित्तीय संस्था स्वयंले महानगरपालिकामा रहेका शाखा समायोजन/एकीकरण गर्नसक्ने व्यवस्था मिलाइनु र बैंक तथा वित्तीय संस्थामा पारदर्शिता, जवाफदेहिता र सुशासन अभिवृद्धिका लागि Anti Bribery and Corruption Policy सम्बन्धी व्यवस्था गरिनुले विद्यमान विषम् अवस्थालाई सहजतातर्फ उन्मूख गराउन महत्वपूर्ण सघाउ पुग्ने सिबिफिनको अपेक्षा छ ।

तथापि, न्यून ब्याजदरमा पर्याप्त तलरता हुँदाहुँदै पनि अपेक्षितरुपमा कर्जा विस्तार हुन नसकेको, बैंक तथा वित्तीय संस्थाहरुको खराब कर्जा एवं गैरबैंकिङ सम्पत्तिमा भइरहेको अत्यधिक बढोत्तरीका कारण जोखिम बढिरहेको, न्यून ब्याजदरका कारण पूँजी पलायनको चुनौती बढेको, अपेक्षित प्रतिफल प्राप्त नहुँदा लगानीकर्ताहरु बैंकिङ क्षेत्रबाट विकर्षित भइरहेको, निर्देशित कर्जाहरुको उपयोगिता र अर्थतन्त्रमा योगदानका विषयमा प्रश्न उठिरहेको लगायतका विषयहरुमा अझ परिस्कृत र सहज नीति अत्यावश्यक भएको विषयमा नेपाल राष्ट्र बैंक संवेदनशील रहेको र आगामी दिनमा उल्लेखित विषयहरुको उचित सम्बोधन हुने सिबिफिनले अपेक्षा गरेको छ ।

वर्तमान अन्तरिम सरकारले शान्तिसुरक्षा र सुशासन प्रवर्द्धन गर्दै निजी क्षेत्रमैत्री नीति तथा वातावरण निर्माणमा लिइरहेको ठोस पहललाई हृदयंगम गर्दै मौद्रिक नीति, २०८२ को आगामी समीक्षाहरुमार्फत लिइने थप लचकता र सहजताले समग्र निजी क्षेत्रको आत्मविश्वास र मनोबल उँचो भई आर्थिक एवं बैंकिङ गतिविधिहरुलाई तीव्रता दिन, नवनिर्माण र पुनर्निर्माणको अभियानलाई सार्थक बनाउन र दिगो र फराकिलो आर्थिक विकासमार्फत आर्थिक समृद्धि प्राप्त गर्न महत्वपूर्ण सहयोग पुग्ने सिबिफिनले विश्वास लिएको छ ।

# आईएमएफका एसिया-प्यासिफिक विभाग प्रमुख र सिबिफिनबीच छलफल

आईएमएफका एसिया-प्यासिफिक विभागका प्रमुख डा. कृष्ण श्रीनिवासन नेपाल भ्रमणमा रहनुभएको अवसरमा अन्तर्राष्ट्रिय मुद्रा कोषको नेपालस्थित कार्यालयद्वारा गत कात्तिक ३० गते आयोजित डिनर मिटिङमा निमन्त्रणा भएबमोजिम सिबिफिनका अध्यक्ष उपेन्द्र पौडेल र वरिष्ठ उपाध्यक्ष राजेश उपाध्याय सहभागी हुनुभएको थियो । नेपालको वर्तमान आर्थिक अवस्था र नीतिगत चुनौतीहरूमा निजी क्षेत्रको दृष्टिकोण, साथै समष्टिगत आर्थिक स्थिरता, वृद्धि र रोजगारी सिर्जनामा आइएमएफको सहयोग र सहकार्यलगायतका विषयमा आईएमएफका एसिया-प्यासिफिक विभागका प्रमुख डा. कृष्ण श्रीनिवासन र सिबिफिनसहित नेपालका निजी क्षेत्रका प्रमुख संस्थाका नेतृत्वगणहरुको बीचमा सघन छलफल भएको थियो ।

**पेश गरिएका सुझावहरु**

- एनपिए व्यवस्थापन फ्रेमवर्क
- पुँजी पर्याप्तता र पुन:पूँजीकरण
- शुल्क-आधारित संरचना
- ग्रे लिस्टिङ
- South Asia Clearing Union (SACU)
- सार्वभौमिक स्वास्थ्य बीमा रोडम्याप
- पहुँचयोग्य आवास योजना
- TUBIC – T Hub सहकार्य
- जलवायु वित्त
- सरकारी ऋणको तीव्र वृद्धि
- निर्देशित कर्जा पुनरावलोकन

उक्त डिनर मिटिङका क्रममा श्रीनिवासन र सिबिफिनका अध्यक्ष पौडेल तथा वरिष्ठ उपाध्यक्ष उपाध्यायको बीचमा छुट्टै अर्थपूर्ण छलफल समेत भएको थियो । छलफलका क्रममा सिबिफिनका अध्यक्ष पौडेल र वरिष्ठ उपाध्यक्ष उपाध्यायले नेपालको बैंकिङ क्षेत्रको विद्यमान वस्तुस्थितिको बारेमा श्रीनिवासनसमक्ष जानकारी गराउँदै, आईएमएफको सहयोग र सहकार्यका विषयमा प्रकाश पार्नुभएको थियो । विभाग प्रमुख श्रीनिवासनले नेपाली बैंकिङ क्षेत्रले भोग्नुपरेका प्रमुख समस्या, चुनौती र समाधानका लागि आईएमएफले खेल्नुपर्ने सम्भावित भूमिकाका विषयमा लिखित सुझाव दिन आग्रह गर्नुभएको थियो । विभाग प्रमुखको आग्रहबमोजिम सिबिफिनले नेपालको बैंकिङ क्षेत्रका विद्यमान अवस्थाका जल्दाबल्दा विषयहरुमा लिखित सुझावसमेत पेश गरेको थियो ।

सिबिफिनद्वारा पेश गरिएका तार्किक सुझावहरुप्रति इमेलमार्फत धन्यवाद व्यक्त गर्दै आईएमएफका एसिया-प्यासिफिक विभागका प्रमुख डा. कृष्ण श्रीनिवासनले उक्त सुझावहरुको आवश्यक सम्बोधनका लागि आईएमएफमा छलफल गर्ने र सिबिफिनसँग निरन्तर संवादमा रहने सन्देश व्यक्त गर्नुभएको छ ।

# गैरबैंकिङ सम्पत्तिबारे सिबिफिनद्वारा दायर रिटमा सर्वोच्चको अन्तरिम आदेश, बैंकहरुलाई राहत

**बैं**क तथा वित्तीय संस्थाहरुले कर्जा असुलीको क्रममा सकार गरी आफ्ना नाममा दर्ता कायम गरेको गैरबैंकिङ सम्पत्ति ३ वर्ष भित्रमा बेचबिखन गर्नुपर्ने र उक्त अवधिभित्र बेचबिखन नगरेमा नेपाल सरकारको स्वीकृति लिएर मात्र बेचबिखन गर्न पाउने भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ 'च' को संशोधित व्यवस्था कार्यान्वयन नगर्न सर्वोच्च अदालतको संवैधानिक इजलासले नेपाल सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ।

प्रधान न्यायाधीश प्रकाशमान सिंह राउत तथा न्यायाधीशहरु कुमार रेग्मी, हरि प्रसाद फुयाल, डा.मनोजकुमार शर्मा र डा. नहकुल सुवेदीसमेत भएको ५ जनाको संवैधानिक इजलासले २०८२ साल मंसीर १० गते बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल (सिबिफिन) समेतले नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसमेतलाई विपक्षी बनाइ दायर गरेको रिट निवेदनमा सुनुवाइ गर्दै यस्तो अन्तरिम आदेश जारी गरेको हो । आदेश जारी भएसँगै ३ वर्षभन्दा बढी समयदेखि बैंक तथा वित्तीय संस्थाहरुको नाममा दर्ता भइ बेचबिखन हुन नसकेका गैरबैंकिङ सम्पत्ति नेपाल सरकारको स्वीकृतिबिना नै बेचबिखन गर्ने बाटो खुलेको हो।




लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ ले २०८१ साल असार २४ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ मा दफा १२ 'च' थप गरी बैंक वा वित्तीय संस्था वा सहकारी संघ संस्थाले कर्जा सुरक्षणवापत धितो लिएको जग्गा लिलाम बिक्री गर्दा कसैले लिलाम सकार नगरी सम्बन्धित बैंक वा वित्तीय संस्था वा सहकारी संघ संस्था आफैले सकार गर्दा हदबन्दीभन्दा बढी हुने भएमा त्यस्तो जग्गा सकार गरेको मितिले ३ वर्षभित्र बेचबिखन गरी सक्नुपर्ने र सो अवधिभित्र बेचबिखन नगरेमा त्यस्तो जग्गा बेचबिखन गर्नको लागि नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था थप गरेको थियो । उक्त संशोधनअघि बैंक तथा वित्तीय संस्थाहरुको नाममा रहेको गैरबैंकिङ सम्पत्ति बेचबिखन गर्न भूमिसम्बन्धी ऐनमा यस्तो कुनै समय अवधि तोकिएको थिएन ।

भूमिसम्बन्धी ऐनमा थप भएको उक्त दफा १२ 'च' को संशोधित व्यवस्था नेपालको संविधानको धारा १७(२) (च) र धारा २५ को सम्पत्ति सम्बन्धी हकसँग बाझिएकोले प्रारम्भदेखि नै बदर गरिपाउँ भनी बैंक तथा वित्तीय संस्थाहरुको छाता संगठन बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल (सिबिफिन)ले सर्वोच्च अदालतको संवैधानिक इजलाससमक्ष उत्प्रेषण परमादेशसमेतको रिट निवेदन दायर गरेको थियो ।

सोही रिट निवेदनमा सुनुवाइ गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले "गैरबैंकिङ सम्पत्ति बैंक वा वित्तीय संस्थाले आफूसँग रहेको सुरक्षण लिलाम गर्न नसकी बाध्यात्मक रुपमा राख्नुपर्ने भएकोले गैरबैंकिङ सम्पत्ति ३ वर्षपछि बेचबिखन गर्न नेपाल सरकारले अनुमति नदिएमा बैंकको लगानी जोखिममा पर्ने प्रत्यक्षत: देखिएको र भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ 'च' को व्यवस्था संविधानको धारा १७(२) (च) र धारा २५ सँग बाझिएको प्रश्नसमेत सन्निहित रहेको विषयको निरुपण निवेदनको अन्तिम सुनुवाइका बखत हुने हुँदा सो बखतसम्म ऐ. दफा १२ 'च' को व्यवस्था कार्यान्वयन गरिएमा बैंक तथा वित्तीय संस्थालाई अपुरणीय क्षति हुने भइ सुविधा र सन्तुलन समेतलाई दृष्टिगत गरी भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ 'च' को व्यवस्था यो निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी प्रत्यर्थीहरुका नाउँमा सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (४) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ" भन्ने आदेश गरेको छ ।

उक्त आदेशपश्चात हाल मुलुकमा देखिएको आर्थिक संकुचनका कारण बैंकहरूको कर्जा असुली प्रभावित भइ बैंक तथा वित्तीय संस्थाहरूको नाममा थुप्रिँदै गएको गैरबैंकिङ्ग सम्पत्ति बेचबिखन व्यवस्थापन गर्न केही सहज हुने देखिएको छ ।

## सिबिफिन- नाफिज पत्रकारिता पुरस्कार प्रदान

**यस** वर्षको सिबिफिन-नाफिज आर्थिक/बैंकिङ पत्रकारिता पुरस्कार नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को गत मंसिर २१ गते आयोजित १६ औं वार्षिक साधारण सभामार्फत प्रदान गरिएको छ । टक्सार म्यागजिनकी सहसम्पादक अम्बिका शर्मा र क्यापटिल नेपालमा कार्यरत कमला भण्डारीलाई प्रमाणपत्रसहित ५०/५० हजार रुपैंया राशीका 'सिबिफिन-नाफिज आर्थिक पत्रकारिता पुरस्कार २०८२' र 'सिबिफिन-नाफिज बैंकिङ पत्रकारिता पुरस्कार २०८२' बाट पुरस्कृत गरिएको हो ।





अर्थमन्त्री रामेश्वर खनाल, नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेल, लगानी बोर्ड नेपालका सिईओ सुशिल ज्ञवालीसहित निजी क्षेत्रका अग्रणी संस्थाका नेतृत्वगण सहभागी रहेको उक्त साधारण सभामा प्रमुख अतिथि अर्थमन्त्री खनाल तथा सिबिफिनका अध्यक्ष उपेन्द्र पौडेलबाट पुरस्कार प्रदान गरिएको थियो ।

क्रियाशील आर्थिक पत्रकारहरूलाई प्रोत्साहन गर्न प्रदान गरिने सिबिफिन-नाफिज आर्थिक/बैंकिङ पत्रकारिता पुरस्कार एक प्रतिष्ठित पुरस्कार हो, जसले खोजमूलक, निष्पक्ष एवं व्यवसायिक आर्थिक पत्रकारितालाई प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ ।

आर्थिक एवं बैंकिङ बिटमा कलम चलाउँदै आएका आर्थिक पत्रकारको वृत्ति विकास, क्षमता विस्तार, असल पत्रकारिताको अभ्यासमा प्रोत्साहन तथा निष्पक्ष एवं खोजमूलक आर्थिक पत्रकारितालाई प्रवर्द्धन गर्ने उद्देश्यसहित सिबिफिन र नाफिजबीचको सहमतिमा स्थापित यो पुरस्कार २०७९ सालदेखि निरन्तर रुपमा प्रदान गर्दै आइएको छ ।

## ज्योति विकास बैंकका कर्मचारीमाथि भएको दूर्व्यवहारप्रति सिबिफिनको आपत्ति, दोषीलाई कडा कारबाही र सुरक्षा सुनिश्चित गर्न जोडदार माग

सप्तरी जिल्लाको रुपनीस्थित ज्योति विकास बैंक शाखाका कर्मचारीहरु प्रवाहित कर्जाको किस्ता लामो समयदेखि नियमित हुन नसकेको विषयमा उचित समाधानका लागि गत मंसीर २४ गतेका दिन स्वयं ऋणीकै आग्रहमा छलफलका लागि पुग्दा अर्धन्यायिक निकायको रुपमा रहेका स्थानीय तहका जिम्मेवार अधिकारीको नेतृत्वमा रहेका ऋणीहरुको जत्थाले निज कर्मचारीहरुलाई नियोजित रुपमा घण्टौसम्म कब्जामा लिई गरिएको अत्यन्तै लज्जास्पद, घृणित एवं पशुवत व्यवहार र हिंस्रक आक्रमणप्रति विज्ञप्ति जारी गर्दै सिबिफिनले घोर भर्त्सना गरेको थियो । घटनालगत्तै जाहेरीबिना नै तत्काल अनुसन्धान गरी दोषीलाई कारबाहीको दायरामा ल्याउनुको सट्टा स्थानीय सुरक्षा निकायले उल्टै पीडितको जाहेरीप्रति बेवास्ता गर्दै दर्ता नगरेको र मिलापत्रका लागि दबाब दिएको कार्यप्रति कडा आपत्तिसमेत प्रकट गरेको थियो ।


बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल
Confederation of Banks and Financial Institutions Nepal (CBFIN)

निहित स्वार्थ पूर्तिका लागि बैंक तथा वित्तीय संस्था जस्ता अत्यन्तै संवेदनशील एवं अत्यावश्यक क्षेत्रमाथिको ज्यादति र कर्तव्यनिष्ठ कर्मचारीहरुको जीवनमा गम्भीर मनोवैज्ञानिक असर पार्ने गरी घटाइएका यस्ता बर्बर र आततायी घटनामा संलग्न दोषीहरुलाई हदैसम्मको कारबाही गर्नसमेत नेपाल सरकार, गृह मन्त्रालय र मातहतका सुरक्षा निकायसमक्ष सिबिफिनले जोडदार माग गरेको थियो । अर्थतन्त्रको आधारस्तम्भको रुपमा रही सोहीबमोजिमका कर्तव्य र जिम्मेवारीहरुलाई गहनपूर्वक निर्वाह गरिरहेका बैंक तथा वित्तीय संस्था र सोमा कार्यरत कर्मचारीहरुमाथि गरिएको यस्तो निकृष्ट आक्रमण कर्मचारी र बैंकिङ क्षेत्रमाथिको मात्र नभई स्वयं राज्यमाथिकै आक्रमण भएको सिबिफिनले ठहर गरेको थियो ।

बैंक तथा वित्तीय संस्थाको कामकारबाहीप्रति कुनै गुनासो भए बैंक तथा वित्तीय संस्थाको माथिल्लो व्यवस्थापनसमक्ष वा नेपाल राष्ट्र बैंकमा रहेको गुनासो सुनुवाइ इकाईसमक्ष समेत उजुरी गर्न सकिने विषय स्मरण गराउँदै कानून आफ्नै हातमा लिएर घटाइने निन्दनीय कार्यले बैंकिङ क्षेत्र मात्र नभई समग्र मुलुककै भविष्य अन्धकारतर्फ धकेलिन सक्नेतर्फ सरोकारवाला सम्पूर्ण पक्षहरुलाई सचेतसमेत गराएको थियो । त्यसैगरी बैंक तथा वित्तीय संस्था र सोमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको प्रभावकारी सुरक्षा प्रबन्ध मिलाउन र बैंकिङ सेवालाई निर्वाध रुपमा संचालन हुने सुरक्षित वातावरण निर्माण गर्न संघीय, प्रदेश, स्थानीय सरकार, र गृह मन्त्रालयसहित जिम्मेवार सम्पूर्ण निकायहरुसमक्ष आग्रह गरेको थियो । सिबिफिनलगायतबाट जारी विज्ञप्तिहरुको विषयले सृजना गरेको चौतर्फी दबाब स्वरुप उल्लेखित घटनामा संलग्न दोषीहरु पक्राउ परेका थिए भने नेपाल राष्ट्र बैंकले समेत विज्ञप्ति जारी गरी बैंक तथा वित्तीय संस्था लक्षित घटनाहरूका सम्बन्धमा गम्भीर ध्यानाकर्षण भएको जनाएको थियो ।

## सिबिफिन र सेजनबीच छलफल, परस्पर सहयोग तथा सहकार्यलाई फराकिलो बनाइने

नेपाल आर्थिक पत्रकार समाज (सेजन) का अध्यक्ष भागवत भट्टराईको नेतृत्वको सेजन कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु र सिबिफिन पदाधिकारीबीचमा गत पुस १७ गतेका दिन भेटघाट तथा छलफल भएको छ । सिबिफिनको आमन्त्रणमा भएको उक्त भेटघाटमा सिबिफिनका अध्यक्ष उपेन्द्र पौडेलले सेजन टिमलाई स्वागत गर्दै सेजनको नवनिर्वाचित कार्यसमितिप्रति कार्यसफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभयो ।



अध्यक्ष पौडेलले सेजनले स्थापनाकालदेखि नै मुलुकको समग्र आर्थिक एवं बैंकिङ क्षेत्रका विषयवस्तुलाई उजागर गर्दै सत्यतथ्य सूचना तथा जानकारीबाट आम जनमानसलाई सुसूचित गराउने, नियामकलाई सचेत गराउने र निष्पक्ष एवं खोजमूलक आर्थिक पत्रकारितालाई प्रवर्द्धन गर्ने कार्यमा निर्वाह गरिरहेको अहम् भूमिका र योगदानको उच्च प्रसंशा गर्दै नवनिर्वाचित सेजन टिमले त्यस्ता कार्यहरुलाई अझ व्यापक र विस्तार गर्दै जानेमा आफू विश्वस्त रहेको बताउनुभयो । आर्थिक एवं बैंकिङ क्षेत्रको दिगो विकासमार्फत समुन्नत राष्ट्र निर्माणका लागि सरोकारवाला पक्ष र निकायहरुसँग स्थापनाकालदेखि नै सक्रिय भूमिका निर्वाह गर्दै आएको सिबिफिनले सेजनसँग सुमधुर सम्बन्ध कायम गरी परस्पर सहकार्य र सहयोग आदानप्रदान गर्दै आएको विषयमा चर्चा गर्दै अध्यक्ष पौडेलले पछिल्लो समय बैंकिङ क्षेत्रको गहिरो अध्ययन र वस्तुनिष्ठ जानकारीबिना नै संचारमाध्यमहरुमा आउने गरेका समाचार र सोही समाचारको आडमा बैंक तथा वित्तीय संस्थाहरुको बारेमा सामाजिक सञ्जालमार्फत भ्रम तथा अफवाह फैलाउने, धम्की दिने, आक्रमण गर्ने जस्ता अवाञ्छित क्रियाकलापहरु बढिरहेकोप्रति सेजन टिमको ध्यानाकर्षण गराउँदै त्यस्ता भ्रम चिर्न र बैंकिङ क्षेत्रको वास्तविकताबाट आम जनमानसलाई सुसूचित गराउने कार्यमा सेजन र सेजनमा आवद्ध संचारकर्मीहरुबाट सकारात्मक भूमिका अपेक्षा गरेको बताउनुभयो ।




सिबिफिनका महासचिव प्रचण्ड बहादुर श्रेष्ठले विविध कारणबाट नेपालको बैंकिङ क्षेत्रले अप्ठेरो अवस्थाको सामाना गरिरहेको बेलामा प्रवाह हुने गलत सूचना तथा जानकारीले बैंकिङ जस्तो संवेदनशील एवं अत्यावश्यक क्षेत्र धराशायी बन्ने सक्नेप्रति चिन्ता व्यक्त गर्दै बैंकिङ क्षेत्रको वास्तविकता र सत्यतथ्य सूचनाबाट आम जनताको विश्वास अभिवृद्धि गर्न गराउन सेजन र आवद्ध पत्रकार मित्रहरुको साथ र सहयोग जरुरी रहेको औँल्याउनुभयो । त्यसैगरी सिबिफिनका सहकोषाध्यक्ष दिलिप कुमार मुनंकर्मीले बैंकिङ क्षेत्रको नीति, विद्यमान अवस्था, भूमिका, योगदान र चुनौतीहरुबारे आर्थिक पत्रकारहरुको क्षमता विस्तार गर्न जरुरी रहेको र त्यस किसिमका कार्यहरुमा सहकार्य गर्न सिबिफिनले चाहेको सन्देश व्यक्त गर्नुभयो ।

त्यसैगरी वरिष्ठ उपाध्यक्ष राजेश उपाध्यायले सिबिफिनले स्थापनाकालदेखि नै सेजनसँग निरन्तर रुपमा सहकार्य गर्दै आएको र सेजनलाई सिबिफिनले निकट सहयोगी र परिपूरक संस्थाको रुपमा लिँदै आएको उल्लेख गर्दै सिबिफिन र सेजनबीचको सम्बन्ध र सहकार्यलाई अझ प्रगाढ बनाउनका लागि के गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्न भेटघाट गरिएको बताउनुभयो । सिबिफिनले आफ्नो नेतृत्वमा सूचना तथा संचार उपससमिति गठन गरेको र सो समितिले आर्थिक पत्रकारहरुको पेशागत संस्था र आवद्ध पत्रकारहरुसँग सहकार्य गर्ने विषयमा आवश्यक कार्ययोजनासमेत बनाइरहेको उल्लेख गर्दै उपाध्यायले विशेषत नीतिगत बहसपैरवी, अध्ययन तथा अनुसन्धान, वास्तविक सूचना तथा जानकारी सम्प्रेषण, वित्तीय अनुशासन अभिवृद्धि, बैंकिङ क्षेत्रप्रति विश्वसनियता अभिवृद्धि र आर्थिक पत्रकारहरुको व्यावसायिक क्षमता विस्तारका कार्यक्रममा सहकार्य गर्न खोजेको बताउनुभयो ।

छलफलका क्रममा सेजनका विभिन्न पदाधिकारी तथा सदस्यहरुले सेजन र सिबिफिनबीच विगतका वर्षदेखि नै नीतिगत बहस पैरवीका कार्यक्रम आयोजना गर्ने जस्ता विषयहरुमा सहकार्य हुँदै आएकोमा उप्रान्त सहकार्यका क्षेत्र र दायरा विस्तार गर्न र पत्रकारहरुको क्षमता अभिवृद्धिका कार्यक्रममा सिबिफिनको सहयोग हुनुपर्नेमा जोड दिनुभयो । त्यसैक्रममा सेजनको तर्फबाट निष्कर्ष मन्तव्य राख्दै अध्यक्ष भागवत भट्टराईले यस भेटघाट तथा छलफलको अवसरसहित सिबिफिनका पदाधिकारीहरुबाट प्राप्त बधाई तथा शुभकामना सन्देशप्रति हार्दिक आभार व्यक्त गर्नुभयो । सिबिफिन र सेजनबीचमा आफूले अपेक्षित सहयोग र सहकार्य हुन नसकिरहेको हो कि भन्ने महसुस भइरहेको अवस्थामा सिबिफिन र सेजनबीच निरन्तर रुपमा छलफल र सहकार्य हुँदै आएको तथा छलफलमा प्राप्त जानकारीले आफूमा बुझाइको कमी र सूचना ग्याप रहेको बोध भएको बताउनुभयो ।

सेजनको मूल मर्म भनेको निजी क्षेत्रलाई प्रोत्साहन गर्नु, खुला बजारको वकालत गर्नु, व्यावसायिक एवं निष्पक्ष पत्रकारिताको अभिवृद्धि गर्नु र पत्रकारहरुको हकहितलाई प्रवर्द्धन गर्नु रहेको जानकारी गराउँदै अध्यक्ष भट्टराईले संगत, बुझाइ र अध्ययनमा कमी आदि कारणले कहिलेकाहीँ गलत समाचार जाने र त्यसले आर्थिक एवं बैंकिङ क्षेत्रमा छिटो असर पार्ने गरेकोप्रति सेजन र आवद्ध साथीहरु सचेत र सहज रहने गरेको बताउनुभयो । सेजनले अध्ययन तथा अनुसन्धानका कार्यहरु गर्ने गरेको भए पनि विशेषत नीतिगत बहस पैरवी र सेजन नलेज कार्यक्रम संचालन गर्दै आएकोमा सोही प्रकृतिका कार्यक्रमहरु गर्न सेजन तत्पर रहेको र पत्रकारहरुको क्षमता विकासका लागि सिबिफिनको विशेष सहयोग रहने अपेक्षा व्यक्त गर्नुभयो ।






छलफलको अन्तमा संस्थागत हित एवं उन्नतिलाई केन्द्रित गरी सहकार्य र सहयोगको दायरालाई अझ मजबुत एवं विस्तारित बनाउँदै लैजान, बैंकिङ क्षेत्रसँग सम्बन्धित नीति, विद्यमान वास्तविक अवस्था, समस्या एवं चुनौतीहरुलाई उजागर गर्दै समुचित समाधानका लागि सकारात्मक एवं सहयोगी भूमिका निर्वाह गर्न तथा आर्थिक एवं बैंकिङ बिटमा कार्यरत पत्रकाहरुको वृत्ति विकास, क्षमता विस्तार, निष्पक्ष एवं खोजमूलक आर्थिक पत्रकारितालाई प्रवर्द्धन गर्नका लागि सिबिफिन र सेजनबीच हुन सक्ने सम्भावित सहकार्यका विषयमा कार्ययोजना तयार गर्न अबिलम्ब द्विपक्षीय छलफल गर्ने निष्कर्षसहित भेटघाट टुंगिएको थियो ।

सिबिफिनको कार्यालय सुन्धारामा आयोजित उक्त भेटघाट तथा छलफल कार्यक्रममा सेजन कार्यसमितिका अधिकांश पदाधिकारी तथा सदस्यहरुको सहभागिता रहेको थियो ।

# अन्तर्राष्ट्रिय अवार्डबाट सम्मानित बैंकहरूलाई सिबिफिनको बधाई सन्देश

बैंकिङ क्षेत्रका ख्यातिप्राप्त अन्तर्राष्ट्रिय अवार्डबाट सम्मानित हुन सफल सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई सिबिफिनले हार्दिक बधाई तथा शुभकामना सन्देश दिएको छ। विश्वप्रसिद्ध अन्तर्राष्ट्रिय अवार्ड पाउनेमा सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड, नबिल बैंक लिमिटेड, सिद्धार्थ बैंक लिमिटेड, कुमारी बैंक लिमिटेड, एनएमबि बैंक लिमिटेड र महालक्ष्मी विकास बैंक लिमिटेड रहेका छन्।

बेलायतस्थित फाइनान्सियल टाइम्सबाट 'बैंक अफ द इयर, २०२५' अवार्डबाट सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड लगातार दोस्रोपटक विभूषित भएको छ। भुक्तानी सेवा प्रदायक भिसा इन्टरनेशनलले आयोजना गरेको 'भिसा लिडरशिप कन्क्लेभ, २०२५' मा नबिल बैंकलाई एक्सिलेन्स इन कन्जुमर डेबिट कार्डस् बिजनेस प्रिन्सिपल क्लाइन्ट, एक्सिलेन्स इन कन्ट्याकलेस-इसुइङ र एक्सिलेन्स इन इ-कमर्श एक्वायरिङ बिजनेस प्रिन्सिपल क्लाइन्ट गरी तीन विधाका अवार्ड, सिद्धार्थ बैंकलाई एक्सिलेन्स इन कन्जुमर क्रेडिट कार्ड, एक्सिलेन्स इन प्रिपेड कार्ड र एक्सिलेन्स इन पिओएस एक्युरिङ गरी तीन विधाका अवार्ड, कुमारी बैंकलाई एक्सिलेन्स इन क्रस बोर्डर बिजनेस र एक्सिलेन्स इन कन्जुमर क्रेडिट कार्डस् बिजनेस प्रिन्सिपल क्लाइन्ट गरी दुई विधाका अवार्ड र एनएमबि बैंकलाई "एक्सिलेन्स इन कमर्सियल कार्डस् बिजनेस अवार्ड प्राप्त भएको थियो।

त्यसैगरी भारतको नयाँ दिल्लीमा आयोजित India Business Awards, 2025 कार्यक्रममा महालक्ष्मी विकास बैंक 'बैकिङ्ग नवप्रवर्तन तथा ग्राहक सन्तुष्टिमा उत्कृष्ट' विधाअन्तर्गतको अन्तर्राष्ट्रिय अवार्डबाट सम्मानित भएको थियो।

बैंकिङ क्षेत्रका विभिन्न विधाहरुमा गरेको उत्कृष्ट प्रदर्शन र पुऱ्याएको महत्वपूर्ण योगदानको उच्च कदरसहित सदस्य बैंकहरुलाई प्राप्त भएका उल्लेखित विभूषणहरुले समग्र नेपाली बैंकिङ क्षेत्र र मुलुककै साख एवं गरिमा अन्तर्राष्ट्रिय स्तरमा बढाएको सिबिफिनले जनाएको छ। सदस्य बैंकहरुलाई प्राप्त भएका अन्तर्राष्ट्रिय स्तरका उच्च सम्मानले थप उत्कृष्ट, रचनात्मक एवं सृजनात्मक बैंकिङ सेवाहरू विस्तार गर्न प्रोत्साहित गर्ने अपेक्षासहित सिबिफिनले बधाई तथा शुभकामना सन्देश दिएको हो।

## जेनेस सोसुलस र सिबिफिनको सहकार्यमा डिजिटलाइजेसन र साइबर सुरक्षाका विषयमा अभिमूखीकरण कार्यक्रम सम्पन्न



बेलायतमा मुख्यालय रहेको जेनेस सोलुसनसँगको सहकार्यमा क्लाउड परामर्श, साइबर सुरक्षा, सफ्टवेयर विकास, उत्पादकता र सहयोग उपकरणहरू, कुशल अनुगमन तथा व्यवस्थापनका विषयमा गत मंसीर १२ गते एक अभिमूखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो।

टिपिकल सर्भिसमा भन्दा एडभान्स लेभलका टेक्नोलोजीहरू जस्तैः क्लाउड टेक्नोलोजी, डेटा इन्जिनियरिङ, एआई, साइबर सेक्युरिटी, क्वान्टम कम्प्युटिङका टेक्नोलोजीमा कन्सल्टिङ सर्भिस दिइरहेको जेनिस सोलुसनका प्रमुख कार्यकारी अधिकृत अन्जनी फुयाँलले डिजिटलाइजेसन, क्लाउड टेक्नोलोजी र साइबर सुरक्षाका विषयमा विश्वविख्यात कम्पनीहरुमा आफूले गरेको कार्यानुभवसहित विश्वमा भइरहका नवीनतम विकास, प्रयोग, अभ्यास र नेपालको वस्तुस्थितिका विषयमा जानकारीमूलक प्रस्तुति दिनुभएको थियो। नेपाल बंगलादेश, नाइजेरिया जस्ता देशहरूमा टेक्नोलोजी खरिदकै समस्या रहेको औँल्याउँदै फुयाँलले यस्ता देशहरूका लागि प्रविधि ल्याएसँगै त्यो चलाउन सक्ने दक्षता दिने र प्रविधिको इम्प्लिमेन्टेसनका लागि कम्पनीमा कार्यरत जनशक्तिलाई चाहिने सीप, शिक्षा, सपोर्ट र प्रविधिको सुरक्षाका लागि आवश्यक पर्ने सबै क्याटेगोरीका सेवा पनि जेनेसले प्रदान गरिरहेको जानकारी दिनुभयो।

त्यसैगरी कार्यक्रममा जेनेस सोलुसनका प्रमुख टेक्नोलोजी र सूचना सुरक्षा अधिकारी निरञ्जन कुँवरले आजको डिजिटल परिदृश्यमा संस्थागत विकासको आधुनिकीकरण र गति बढाउने डिजिटलाइजेसन र साइबर सुरक्षाको महत्वको बारेमा प्रकाश पार्दै दीर्घकालीन व्यापार सफलताको लागि सक्रिय साइबर सुरक्षा कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा अर्थपूर्ण जानकारी गराउनुभयो।

नेपालका बैंक तथा वित्तीय संस्थाहरुको टेक्निकल इन्फ्रास्ट्रक्चर के छ, उनीहरूको ग्लोबल फ्रेमवर्क अनुसार कहाँ पुग्नुपर्ने हो, त्यहाँ पुग्नका लागि के-के ग्याप र क्याप छ, रोडम्याप र स्ट्राटेजी के के चाहिन्छ भन्ने विषयमा अन्तरक्रियासहितको सवालजवाफसमेत गरिएको थियो।

सिबिफिनका सदस्य बैंक तथा वित्तीय संस्थाहरुका संचालक तथा उच्च व्यवस्थापन तहका अधिकारीहरुलाई निःशुल्क सहभागिताको अवसर दिइएको उक्त कार्यक्रममा सिबिफिनसँग आबद्ध विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट करिब ३० जनाको सहभागिता रहेको थियो।

अमेजन वेब सर्भिसेज, गुगल र माइक्रोसफ्टको आधिकारिक साझेदारको रूपमा काम गरिरहेको जेनेस सोलुसनले विश्वभर आफ्नो सेवा विस्तार गरिरहेको छ।